**मिति २०७७ चैत्र २६ गते (वि.सं. २०७७।१२।२६) बिहिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०४औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

मालपोत कार्यालय तुलसीपुर दाङ्गको च.नं. ७९५१ मिति२०७७।१२।२४ को पत्रबाट कार्यालय व्यवस्थापन खर्च माग भएकोले मालपोत कार्यालय तुलसीपुर बाट यस उपमहानगरपालिकालाई प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन शुल्क र रोक्का बापत बांडफांड भई यस पालिकामा प्राप्त हुने रकम मध्यबाट कार्यालय संचालनका लागि रु.४,५३,०००।(चार लाख त्रिपन्न हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो । साथै सोको उचित व्यवस्थापन भए नभएको यथार्थ अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.श्री डिला परियार (कार्यपालिका सदस्य) | संयोजक |
| २.श्री अमर नेपाली (कार्यपालिका सदस्य) | सदस्य |
| ३.श्री दिपक कुमाल(कार्यपालिका सदस्य) | सदस्य |
| ४.श्री सुशिला बुढाथोकी(कार्यपालिका सदस्य) | सदस्य |
| ५.श्री माधब पौडेल(शाखा प्रमुख भूमि व्यवस्था शाखा) | सदस्य सचिव |

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिका भवन निर्माण तथा योजना मापदण्ड,२०७७ २०७७ को दफा ४.११ बमोजिम राष्ट्रिय भवन संहिता र कार्यपालिले तोकेको मापदण्ड लाई पूर्ण रुपमा पालना गराउन तपसिल बमोजिमको निरिक्षण एवं प्राबिधिक समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो । साथै उक्त समितिले निर्णय लिन नसकेमा कार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.उपप्रमुख श्री माया शर्मा | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत श्री भास्करराज गौतम | सदस्य |
| ३.सम्बन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| ४.स्टक्चरल ईन्जिनियर | सदस्य |



नि. प्रमुख प्रशासकीय अधिकृत

५.आर्केटेक्ट ईन्जिनियर सदस्य

६.श्री अखिल पोखेल(शाखा प्रमुख) सदस्य सचिव

**निर्णय नं ३.**

तुलसीपुर उपमहानगरपालिका भवन निर्माण तथा योजना मापदण्ड,२०७७ को तालिका नं. ६ को क्रम संख्या २ र ३ मा शैक्षिक भवन र संस्थागत भवनको पछाडि वा दायां बायां संधियारबाट छोडनु पर्ने न्युनतम सेटब्याक ३ मिटर हुने व्यवस्था रहेकोले उक्त व्यवस्थाबाट ३ मिटर सेटब्याक छोडदा भवन निर्माण गर्ने क्षेत्रफल निकै कम हुन गै व्यवहारिक र चुनौतिपूण दुबै खाले समस्या पैदा भई कार्य सञ्चालनमा कठिन भएको भनि सम्बन्धी शाखाबाट टिप्पणी आएकोले उक्त तालिका नं. ६ को क्रम संख्या २ र ३ को ३ तला सम्मको भवन निर्माण गर्दा ३ मिटर सेट ब्याक छोडनु पर्ने व्यवस्थालाई संशोधन गरी १.५ मिटर सेटब्याक छोडने व्यवस्था कायम गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिका भवन निर्माण तथा योजना मापदण्ड,२०७७ को दफा २४ ग बमोमिज तुलसीपुर उपमहानगरपालिकाको वडा नं. ५ को पूरै भाग ,राजमार्गले छोएको क्षेत्रर टाउवप्लान क्षेत्र लाई मुख्य बजार तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाका पशुबिकास शाखा अन्तरगत सञ्चालन हुने गरी सशर्त अनुदान तर्फ लागत सहभागितमा सञ्चालन गरीने **बाखा प्रर्वद्धन कार्यक्रमका** आ.ब. २०७७/०७८ का कृयाकलावहरु, सशर्त अनुदान तर्फ लागत सहभागितमा सञ्चालन गरीने **बंगुर प्रर्वद्धन कार्यक्रमका** आ.ब. २०७७/०७८ का कृयाकलावहरु र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फसंचालन गरिने साना पकेट गाई बिकास कार्यक्रम का आ.ब. २०७७/०७८ का कृयाकलावहरु स्वीकत गरी संचालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका अपाङ्गता भएका ब्यक्तिहरुको परिचयपत्र बितरण कार्यबिधि,२०७५ मा भएको ब्यवस्था अनुसार दफा ६ को समन्य समिति सम्बन्धी ब्यवस्थामा राप्ती प्रादेशिक अस्पताल

तुलसीपुरका प्रमुख सदस्य,राप्ती आंखा अस्पताल तुलसीपुरका प्रमुख एवं प्रतिनिधि सदस्य थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

तुलसीपुर ११ कार्यालय रहेको प्रो.माधव बुढाथोकीको सम्बृद्धि कन्स्ट्रक्सन प्रा.लि.तुलसीपुर १८ कार्यालय रहेको प्रो.किरण चौधरीको के के एण्ड सि ईन्जीनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. र तुलसीपुर ११ मा कार्यालय रहेको प्रो. भानुभक्त बस्नेतको बि.पी. भानु पारस कन्स्ट्रक्सन फर्मलाई तुलसीपुर उपमहानगरपालिकाको घ बर्गको निर्माण ब्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यबिधिको बुंदा नं. २ अनुसार ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

यस तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र रहेका बिभिन्न नदि तथा खोलाहरुमा ठेक्का तथा अमानतबाट नदिजन्य पदार्थ उत्खनन गर्दा पारित आई.ई.ई.को मापदण्डलाई पूर्ण रुपमा पालना गरी हेभिईक्युपमेन्ट लगाउन अनुमति दिने निर्णय गरियो । साथै उक्त हेभि ईक्युबमेन्टहरु प्रयोग गरिएका स्थानहरुमा स्थानीय अनुगमन समिति र सम्बन्धीत वडाका प्रतिनिधिले मापदण्ड बमोजिम भएको नभएको निरन्तर अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

तुलसीपुर उपहानगरपालिकामा आ.ब. २०७६/०७७ ठेक्का नं.३ बसपार्क ५२ सटरकोठा र आ.ब. २०७६/०७७ को ठेक्का नं. ५ बसपार्क टर्मिनल भवनको सम्बन्धमा मिति २०७७।११।११ गते बसेको नगरकार्यपालिकाको नि.नं. १२ बाट संझौताका लागि १ महिनाको समय प्रदान गर्ने निर्णय भएको तर सो समयावधि भित्र ठेक्का नं. ३ र ५ का ठेकेदारहरुको संझौता गर्न नआएका कारण उक्त ठेक्का धरौटी रकम जफत गरी रद्ध गर्ने निर्णय गरियो । साथै उक्त कम्पनीलाई कालो सूचिमा सुचिकृत गर्न सम्बन्धीत निकायमा सिफारिस गर्न उल्लेखित ठेक्का न. ३ र ५ का का ठेकेदारहरुबाट २०७७ श्रावण देखि २०७७ चैत्र सम्मको संझौतामा उल्लेख भए बमोजिमको रकम सरकारी बांकी सरह असुल उपर गर्न निजको नाममा वा निजको फर्ममा रहेको चलअचल सम्पत्ति रोक्का राख्न सम्बन्धीत निकायमा पत्राचार गर्ने र असुल उपर गर्नुपर्ने रकम खुलाई(७) सात दिने सार्बजनिक सूचना जारी गर्ने साथै यस अवधिमा रकम बुझाउन आफै वा निजको प्रतिनिधि उपस्थित नभएमा निजको नाममा रहेको अचल सम्पत्ति कानुनि प्रकृयाबाट लिलाममा गई उल्लेखित रकम असुल उपर गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ नि. प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७ चैत्र २६ गते (वि.सं. २०७७।१२।२६) बिहिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०४औं बैठकका निर्णयहरु

तुलसीपुर उपहानगरपालिकामा आ.व. २०७७/०७८ को ठेक्का नं. २ को बधशाला/आलुमण्डी/साभाबजार/कार्यालय भवन अगाडिको सटर कोठाहरु र आ.ब. २०७७/०७८ को ठेक्का नं. ३ नं.बसपार्कमा सार्बजनिक शौचालय,पाकिङ्ग,प्रवेश तथा निकास एवं होडिङ्ग बोर्ड को सन्दर्भमा आर्थिक समितिका संयोजक श्री माधव वली ज्यूबाट प्रस्तुत प्रतिवेदन स्वीकृत गर्दे बसपार्कको गुरु योजना अनुसार गाडि धुलाई र सरसफाई क्षेत्र तथा तुलसी पेट्रोल पम्म सञ्चालनका लागि छुट्याईएको क्षेत्र बाहेक अन्य सम्पूर्ण क्षेत्र तथा पुर्बाधारको एकिकृत ठेक्का ब्यवस्थापनका लागि आवश्यक तयारी गर्न राजश्व प्रशासन शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । साथै उक्त शाखाले समितिको बैठकबाट निर्णय गराई कार्यपालिका बैठकमो पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर पेट्रोल पम्म सञ्चालन ऐन २०७७ कृ दफा ४ मा पेट्रोल पम्प तुलसीपुर उपमहानगरपालिका आफैले गर्ने वा तोकिएको बमोजिम नियमानुसारको संभौता सर्त बमोजिम अवधि तोकि ब्यवसायीक संस्थालाई गर्न दिने भनि उल्लेख भएको हुदा तुलसीपुर उपमहानगरपालिकाको आधुनिक पुर्बाधार युक्त बसपार्क गुरु योजना भित्र समावेश गरेको तुलसी पेट्रोल पम्म सञ्चालन तथा ब्यवस्थापनका लागि कानुनि प्रकृया बमोजिम हुने गरी भईसकेकोले श्री शारदा निर्माण सेवा संग भएको संभौता स्वीकृत गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत